# लुम्बिनी साँस्कृतिक नगरपलिका

# नगर-कार्यपालिकाको कार्यालय

लुम्बिनी, रुपन्देही,

५ नं. प्रदेश, नेपाल

## इन्भरटर खरिद सम्बन्धी दरभाउपत्र आ हानको सूचना

(सूचना प्रकाशित मिति २०७५।९।२४)

लुम्बिनी साँस्कृतिक नगरपालिकामा इनभरटर खरिद दरभाउपत्र मार्फत खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्मबाट चालु आ.व.का लागि नविकरण भएको इजाजतपत्र, आयकरको दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७४।७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपि तथा दरभाउपत्रदाताले खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको र सम्बन्धित पेशा वा यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निम्न शर्तको अधिनमा रही रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र रु. १,०००।- नगदै तिरी खरिद गर्न सकिनेछ ।

२. खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेसम्म कार्यालयको नाममा सम्बोधन गरी ठे.नं., कामको विवरण, दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालय, लुम्बिनीमा मात्र दर्ता गराउनु पर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवम् खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तैपछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. दरभाउपत्रदाताले दरभाउपत्रका साथ तपशीलमा उल्लेखित धरौटी रकम यस न.पा.को कृ. बि. बैंक लुम्बिनीको धरौटी खाता नं. ग -३, ०४१४९०११४५७३३०१३ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस न पा को नाममा जारी गरेको सो रकम बराबरको दरभाउपत्र जमानत पेश गर्नुपर्नेछ । यसरी पेश भएको दरभाउपत्र जमानतको मान्य अवधि कम्तिमा ७५ दिनको हुनुपर्नेछ ।

६. दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अंकको ५% रकम कृ. बि. बैंक लुम्बिनीको धरौटी खाता नं. ग -३, ०४१४९०११४५७३३०१३ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस न. पा.को नाममा जारी गरेको सो रकम बराबरको दरभाउपत्र कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ । दरभाउपत्रदाताले लागत अनुमानभन्दा १५% सम्म कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी रकमले घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटी कबोल गरेको छ सो को ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरी कार्यसम्पादन जमानत पेश राख्नु पर्नेछ ।

७. दरभाउपत्रदाताले दरभाउपत्रमा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

८. दरभाउपत्रमा आइटमवाइज दर अंक र अ ार दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अ ारबीच फरक परेमा अ ारमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सही र छाप भएको हुनुपर्नेछ ।

९. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

११. न.पा.को हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार न. पा.मा सुर ित रहनेछ ।

१२. दरभाउपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पूरा नगर्ने दरभाउपत्र दाताको दरभाउपत्र स्वीकार गरिने छैन ।

१३. सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा सार्वजनिक खरिद ऐन - २०६३, सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

### तपसिल

| सि.नं. | ठेक्का नं. | कार्यविवरण | ल.ई. रकम (मु.अ.कर बाहेक) रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | २-LCM/०७५/७६ | नगरपालिका र वडा कार्यालयको लागि इनभरटर खरिद | ७२७१०० | २१००० |

**बिस्तृत जानकारीको लागि न पा कार्यालयमा सम्पर्क राख्न सकिने छ ।** **प्रमुख प्रशासकिय अधिकृत**